# कर्मचारी सञ्चय कोष

पुल्चोक, ललितपुर

## आवश्यकता सम्बन्धि सूचना

(गोरखापत्रमा प्रकाशित मिति : २०७५/१२/१५ गते)

यस कोषमा रिक्त रहेका निम्न पदहरु लोक सेवा आयोगको सहमति अनुसार खुला प्रतियोगिताद्वारा स्थायी पूर्ति गर्नुपर्ने भएकाले योग्य नेपाली नागरिकहरुबाट मिति २०७५/१२/१५ गतेदेखि Online दरखास्त फाराम भर्न आव्हान गरिएको छ । तोकीएको योग्यता पुगेका इच्छुक आवेदकले सूचनामा तोकिए बमोजिमको प्रक्रिया पुरागरी Online दरखास्त फाराम भर्नुपर्नेछ । झुट्टा विवरण उल्लेख गरी Online फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयम् हुनु पर्नेछ । म्याद भित्र दाखिला नभएको र रीत नपुगी भरिएका दरखास्तहरु उपर कुनै किसिमको कारवाही हुने छैन ।

**विज्ञापन नम्बर र पदको विवरण :**

| विज्ञापन नं. | तह | पद | सेवा/ समूह | खुला र समावेशी | पदसंख्या | परीक्षा दस्तुर | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|
| १९/०७५/७६ | ९ | बरिष्ठ प्रबन्धक | प्रशासन/प्रशासन | खुला | १ (एक) | रु.१३००।- | लिखित तथा अन्तर्वार्ता |
| २०/०७५/७६ | ८ | प्रबन्धक | प्रशासन/प्रशासन | खुला | १ (एक) | रु.११००।- | लिखित तथा अन्तर्वार्ता |
| २१/०७५/७६ | ७ | उप प्रबन्धक | प्रशासन/प्रशासन | खुला | १ (एक) | रु.११००।- | लिखित तथा अन्तर्वार्ता |
| २२/०७५/७६ | ७ | उप प्रबन्धक (चार्टर्ड एकाउण्टेण्ट) | प्रशासन/प्रशासन | खुला | २ (दुई) | रु.११००।- थप समावेशी समूहको लागि थप रु. ५००।- | लिखित तथा अन्तर्वार्ता |
| | | | | महिला | १ (एक) | | |
| २३/०७५/७६ | ७ | उप प्रबन्धक (वित्त विश्लेषक) | प्रशासन/प्रशासन | खुला | १ (एक) | रु.११००।- थप समावेशी समूहको लागि थप रु. ५००।- | लिखित तथा अन्तर्वार्ता |
| | | | | महिला | १ (एक) | | |
| २४/०७५/७६ | ६ | सहायक प्रबन्धक | प्रशासन/प्रशासन | खुला | १० (दश) | रु.११००।- प्रत्येक थप समावेशी समूहको लागि थप रु. ५००।- | लिखित तथा अन्तर्वार्ता |
| | | | | महिला | १ (एक) | | |
| | | | | आदिवासी/जनजाति | २ (दुई) | | |
| | | | | मधेसी | २ (दुई) | | |
| | | | | दलित | १ (एक) | | |
| | | | | अपाङ्ग | १ (एक) | | |
| २५/०७५/७६ | ६ | सहायक प्रबन्धक (कम्प्युटर) | प्राविधिक/ कम्प्युटर | खुला | १ (एक) | रु.११००।- | लिखित तथा अन्तर्वार्ता |
| २६/०७५/७६ | ४ | सहायक | प्रशासन/प्रशासन | खुला | ४ (चार) | रु.६००।- प्रत्येक थप समावेशी समूहको लागि थप रु. ३००।- | लिखित, कम्प्युटर शीप परीक्षण तथा अन्तर्वार्ता |
| | | | | महिला | १ (एक) | | |
| | | | | आदिवासी/जनजाति | १ (एक) | | |
| | | | | मधेसी | १ (एक) | | |

**(क) आवश्यक न्यूनतम योग्यता :**

(१) बरिष्ठ प्रबन्धक (प्र.) पदको लागि : मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातकोत्तर उपाधी प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तर वा सो सरहको पदमा कम्तिमा सात बर्ष कार्य गरेको अनुभव हासिल गरेको ।

(२) प्रबन्धक (प्र.) पदको लागि : मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातकोत्तर उपाधी प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तर वा सो सरहको पदमा कम्तिमा पाँच बर्ष कार्य गरेको अनुभव हासिल गरेको ।

(३) उप प्रबन्धक (प्र.) पदको लागि : मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातकोत्तर उपाधी प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तर वा सो सरहको पदमा कम्तीमा पाँच वर्ष कार्य गरेको अनुभव हासिल गरेको ।

(४) उप प्रबन्धक (चार्टर्ड एकाउण्टेण्ट) पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउण्टेन्सी उपाधी प्राप्त गरेको ।

(५) उप प्रबन्धक (वित्त विश्लेषक) पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकाय अन्तर्गत लेखा वा वित्त विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर उपाधी प्राप्त गरेको ।

(६) सहायक प्रबन्धक (प्र.) पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको ।

(७) सहायक प्रबन्धक (कम्प्युटर) (प्रा.) पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विज्ञान (Computer Science) वा BSc CSIT वा कम्प्युटर ईन्जिनियरिङ्ग (Computer Engineering) विषयमा स्नातक उपाधी प्राप्त गरेको ।

(८) सहायक (प्र.) पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र वा उच्च माध्यमिक (१०+२) वा सो सरह उपाधि प्राप्त गरेको ।

(ख) स्थायी वा अस्थायी :- स्थायी ।

(ग) उमेरको हद :- दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष पूरा भै ३५ वर्ष ननाघेको । तर महिलाको हकमा ४० वर्ष ननाघेको ।

(घ) परीक्षणकाल :- कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त (संशोधन सहित) नियमावली, २०४८ को नियम २.११ को व्यवस्था अनुरुप हुनेछ ।

(ङ) तलब स्केल र अन्य सुविधा :- कोषको प्रचलित नियमानुसार ।

(च) प्रत्येक सेवा अन्तर्गत खुला र समावेशी प्रतियोगिताका आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा हुनेछ ।

(छ) कोषले तोकेको Online फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरु भरी सोको साथ नागरिकता र दरखास्त दिने पदको लागि तोकीएको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाण पत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण पत्र र पासपोर्ट साईजको फोटो Scan/Attach गरी यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र र सो पश्चात दोब्बर दस्तुर तिरी ७ (सात) दिन भित्र Online दरखास्त फाराम भर्नु हुन सूचित गरिन्छ । उम्मेदवारलाई निर्देशन दिईएका कुराहरु राम्रोसंग अध्ययन गरेर मात्र Online दरखास्त फाराम भर्नुहुन सूचित गरिन्छ । उम्मेदवारको नागरिकता प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाण पत्र Scan गरी Upload गर्नुपर्नेछ र तोकीए बमोजिमको Size मा पासपोर्ट फोटो Upload गर्नुपर्नेछ । दरखास्त समावेश भईसके पश्चात कोषबाट सबै कुराहरु Verify गरी केही दिनपछि दरखास्त स्वीकृत हुनेछ र त्यसपछि उम्मेदवार स्वयंले प्रवेशपत्र प्रीन्ट गर्नुपर्नेछ । प्रवेशपत्र प्रीन्ट गरेपछि तोकीएको ठाउंमा उम्मेदवारले दस्तखत गर्नुपर्नेछ । परिक्षामा उपस्थित हुंदा व्यक्ति पहिचानको लागि उम्मेदवारले प्रीन्ट गरेको प्रवेशपत्रको साथमा उम्मेदवारले आफ्नो नागरिकताको सक्कल प्रमाण पत्र अनिवार्य रुपमा लिई आउनुपर्नेछ अन्यथा परीक्षामा समावेश गराईनेछैन ।

(ज) उम्मेदवारले आफूले पेश गर्ने आवश्यक शैक्षिक प्रमाणपत्रहरु तोकिएको न्यूनतम योग्यताको एक प्रति मात्र Upload गरे पुग्नेछ । सेवारत कर्मचारीले आफू सेवारत निकाय/संस्थाको विभागीय स्वीकृति पत्र पेश गर्नु पर्नेछ । झुट्टा विवरण उल्लेख गरी Online फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनु पर्नेछ । म्याद भित्र दाखिला नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन ।

(झ) परीक्षा दस्तुर: यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र तोकिएबमोजिमको परीक्षा दस्तुर नेपाल ईन्भेष्टमेण्ट बैंकमा रहेको कोषको खाता नं. ००४०१०१०२५४३७३ मा उम्मेदवारको नामबाट जम्मा गरी सोको भौचर Online दरखास्त फाराम भर्दा स्पष्ट बुझिने गरी Scan/Attach गरी Upload गर्नुपर्नेछ । यो सूचना प्रकाशन भएको २१ दिन पश्चात थप ७ दिनसम्म दोब्बर दस्तुर तिरी दरखास्त बुझाउन सकिनेछ । अस्वीकृत भएका दरखास्त फारमहरुको परीक्षा दस्तुर फिर्ता हुनेछैन । रकम जम्मा गर्दा बैंक भौचरमा उम्मेदवारको नाम स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ ।

(ञ) सर्म्पक तथा परीक्षा हुने मिति पछि प्रकाशित गरिनेछ ।

(ट) कोषमा लागू रहेको कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त (संशोधन सहित) नियमावली, २०४८ को नियम ३.९ बमोजिम प्रतीक्षा सूचीको व्यवस्था रहनेछ ।

(ठ) समकक्षता निर्धारण प्रमाणपत्र : उपर्युक्त पदहरुमा दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रुपमा Upload गर्नुपर्नेछ । साथै पेश भएका शैक्षिक योग्यताका प्रमाणपत्रहरुको जिम्मेवारी उम्मेदवार स्वयंले लिनुपर्नेछ ।

(ड) कोषको स्थायी सेवामा प्रवेश गरेका कर्मचारीको हकमा आवश्यक न्यूनतम शैक्षिक योग्यता कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त (संशोधन सहित) नियमावली, २०४८ को नियम ३.११ को उपनियम २ को व्यवस्था अनुरुप हुनेछ ।

(ढ) कार्य गर्नुपर्ने क्षेत्र : चार्टर्ड एकाउण्टेण्ट, वित्त विश्लेषक तथा सहायक प्रबन्धक (कम्प्युटर) का पदले कोषको उपत्यकास्थित कार्यालय तथा अन्य पदहरुले काठमाडौ उपत्यका बाहिरका शाखा कार्यालयहरु ।

(ण) Online दरखास्त फाराम कोषको Website: www.epfnepal.com.np को Resources मा Vacancy भित्र गई त्यहाँ राखिएको Online Application Form बाट भर्न सकिनेछ । सम्बन्धित पदको पाठ्यक्रम समेत कोषको Website बाट Download गरेर प्राप्त गर्न सकिनेछ । Online दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा कोषको कर्मचारी प्रशासन शाखाको टेलिफोन नं. ०१-५०१०१३२ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

(त) उक्त पदहरुको लिखित परीक्षा सञ्चालन लोक सेवा आयोगबाट हुनेछ ।

**समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरु:-**

समावेशी तर्फ दरखास्त दिने उम्मेदवाहरुले निम्न बमोजिमका कागजातहरु समेत पेश (Upload) गर्नु पर्नेछ ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएका जातिको सूचीको आधारमा दरखास्त स्वीकृत हुनेछ । तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको सूचीको आधारमा दरखास्त स्वीकृत हुनेछ । तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको

सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ।

(ग) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको पत्र।

(घ) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा दरखास्त स्वीकृत हुनेछ। तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ।

मिति : २०७५/१२/१५

**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर
फोन नं. ०१-५०१०१३२